बैठकको नाम : भगवतीमाई गाउँ कार्यपालिकाको बैठक
मिति - २०७५।०३।०२
बैठक संख्या : ३८

| | | | |
|---|---|---|---|
| अध्यक्ष | - | दानबहादुर थापा | |
| उपाध्यक्ष | - | चन्द्रा रेग्मी | |
| सदस्य | - | मानबहादुर कुँवर | वडा नं १ |
| सदस्य | - | कर्णबहादुर शाही | " - २ |
| सदस्य | - | दानबहादुर खड्का | " - ३ |
| " | - | कृष्णबहादुर थापा | - " ४ |
| | - | कलनबहादुर शाही | - " ५ |
| " | - | वीरशंकर रोकाया | - " ६ |
| " | - | रत्नबहादुर शाही | - " ७ |
| " | - | पार्वता नेपाली | कार्यपालिका सदस्य |
| " | - | कल्पना थापा | " - " |
| " | - | सेतु खड्का | " - " |
| " | - | सातबहादुर शाही | " - " |
| " | - | जम्बर तिरुवा | " - " |
| सदस्य सचिव | - | मुकेन्द्र पौडेल | |
| आमन्त्रित सदस्य | - | बालबहादुर थापा, का.वा. वडा अध्यक्ष वडा नं. १ | |

## प्रस्तावना

(१) बहुक्षेत्रीय पोषणको सम्पर्क व्यक्ति सम्बन्धमा ।
(२) योजना / निर्माण कार्य खरिद स्रोत सम्बन्धमा ।
(३) विद्यालयमा ~~शिक्षक~~ अनुदान सम्बन्धी कार्यविधि सम्बन्धमा ।
(४) साविक स्थानीय निकायका कर्मचारी समायोजन सम्बन्धमा ।
(५) 'ख' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।
(६) सामुदायिक ग्रामीण विद्युतिकरण सम्बन्धमा ।

निर्णय नं. १ :

यस भगवतीमाई गाउँकार्यपालिकाअन्तर्गत संचालित बहुक्षेत्रीय पोषण कार्यक्रम सम्पर्क व्यक्तिको रुपमा स्वास्थ्य सेवाजको श्री नगेन्द्रबहादुर रावललाई तोकिएकोमा निज आफ्नो शाखाको कार्य जिम्मेवारी बढी भएकोले यस कार्यालयअन्तर्गत सामाजिक ~~विकास~~ तथा आर्थिक विकास शाखा प्रमुख श्री टोपबहादुर कुँवरलाई सम्पर्क व्यक्ति तोकी बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. २ :-

यस गाउँ कार्यपालिकाको कार्यालय मालसामान खरिदको खरिद इकाईले मिति मा गरेको बोलपत्र आह्वानको सूचना तथा मिति मा गरेको दरभाउपत्र सम्बन्धी सूचना बमोजिम सारभूतमा प्रभावग्राही बोलपत्र/दरभाउपत्र छनौट भई खरिद सम्झौताको लागि पत्राचार भएकोमा प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा नहुँदा (प्र.प्र.अ. श्री भिमबहादुर बुढा सरुवा भई जानु भएको र कार्यवाहक प्र.प्र.अ. राजेन्द्र पौडेल सरुवा भई आउँदा) सम्झौता प्रक्रिया रोकिएको हुँदा ~~पुन:~~ छनौट भएका निर्माण व्यवसायीहरुलाई पुन: पत्राचार गरी आजको दिनदेखी ५ दिनभित्र खरिद सम्झौता गर्न गराउन खरिद इकाई तथा प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय ३ :-

यस भगवतीमाई गाउँपालिकामा रहेका विद्यालयहरुलाई दिइने सशर्त ~~समान~~ अनुदान तथा गाउँ कार्यपालिकाबाट दिइने अनुदानलाई व्यवस्थित गर्न "विद्यालय अनुदान सम्बन्धी कार्यविधि, २०७५" यस गाउँ कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :- कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम यस भगवतीमाई गाउँपालिकामा रहेका साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाएका तपसिलका कर्मचारीहरुलाई देहाय बमोजिम समायोजन तथा पदस्थापना गर्ने र साविक जिल्ला विकास समितिबाट नियुक्ति पाई यस कार्यालयमा काम-काजमा खटिएका भएका कर्मचारीलाई समायोजनको लागि जिल्ला समन्वय समितिलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यरत पदको विवरण | हाल समायोजन गर्नुपर्ने विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टोपबहादुर बुढा | पद : अधिकृत<br>सेवा : प्रशासन<br>समूह : सामान्य प्रशासन<br>उपसमूह :<br>तह : अधिकृत छैठौं<br>पदाधिकार रहेको कार्यालय : जिल्ला समन्वय समितिको कार्यालय, दैलेख ।<br>कार्यरत कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख । | जिल्ला समन्वय समितिलाई समायोजनको लागि अनुरोध गरी पठाउने । | |
| २. | श्री मानबहादुर थापा | पद : खरिदार<br>सेवा : प्रशासन<br>समूह : सामान्य प्रशासन<br>उपसमूह :<br>तह : सहायक चौथो<br>पदाधिकार रहेको कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख ।<br>कार्यरत कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख । | पद : खरिदार<br>सेवा : प्रशासन<br>समूह : सामान्य प्रशासन<br>उपसमूह :<br>तह : चौथो<br>समायोजन भएको कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख ।<br>समायोजन भएको शाखा : वडा कार्यालय । | |
| ३. | श्री रामबहादुर खड्का | पद : कार्यालय सहयोगी<br>सेवा : प्रशासन<br>समूह : सामान्य प्रशासन<br>उपसमूह :<br>तह : श्रेणी विहिन<br>पदाधिकार रहेको कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख ।<br>कार्यरत कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख । | पद : कार्यालय सहयोगी<br>सेवा : प्रशासन<br>समूह : सामान्य प्रशासन<br>उपसमूह :<br>तह : श्रेणी विहिन<br>समायोजन भएको कार्यालय : भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय, दैलेख ।<br>समायोजन भएको शाखा : वडा नं. ७, वडाभैरव, दैलेख । | |

Scanned by CamScanner

निर्णय नं. ५:

यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयबाट उपलब्ध गरिने 'घ' वर्गको निर्माण व्यवसायी इजाजपत्र प्रदान गर्दा आवश्यक प्रक्रिया पुगे नपुगेको सम्बन्धी जाँच-बुझ समितिले तपसिलका निवेदकका सम्बन्धमा गरेको सिफारिस अनुसार प्रक्रिया पुगेका निवेदक निर्माण व्यवसायीलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदानको लागि स्वीकृती दिने निर्णय गरियो।

तपसिल

(१) पुजा कन्स्ट्रक्सन भगवतीमाई-९, दैलेख - प्रक्रिया पुगेको।
(२) विवेक खण्ड ममता कन्स्ट्रक्सन, भगवतीमाई-५ दैलेख - प्रक्रिया पुगेको।

निर्णय नं. ६:

यस भगवतीमाई गाउँ कार्यपालिकाले सामुदायिक ग्रामिण विद्युतीकरण नियमावली, २०७१ बमोजिम सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम संचालनको लागि आवश्यक प्राविधिक जनशक्ति तथा आर्थिक व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गर्दै गाउँपालिकामा बसोबास गर्ने ४४६५ घरधुरी तथा करिब ५० वटा औद्योगिक ग्राहक (फोर्नियर, स्टोन क्रसिङ, फलफूल प्रशोधन, मिल लगायतका) हरुलाई विद्युत सेवा पुर्‍याउनको लागि नारायण नगरपालिका वडा नं. ८ धालडाँडामा रहेको ३३/११ K.V. (3 MVA) सब स्टेशनबाट ४२ K.M. पूर्व भगवतीमाई गाउँपालिकाको केन्द्र बेस्तडा बजारसम्म मुख्य लाइन विस्तार गरी सब-स्टेशन स्थापना गरेर यस गाउँपालिकाको वडा नं. १ देखि ९ सम्म दैलेख जिल्ला वडा नं. ११ विन्ध्यावासिनी देखि पूर्व तीमुले गाउँपालिका देखि दक्षिण डुंगेश्वर गाउँपालिकादेखी दक्षिणमा उत्तर, जाजरकोट जुनीचाँदे गाउँपालिका र शिवालय गाउँपालिका देखि पश्चिम यति धारकिल्ला अछामिको दैलेख जिल्ला (साबिकको पगनाथ, डुंग, मेहेलतोली, जगन्नाथ र कडी गा.वि.स.) विद्युत सेवा संचालनको लागि ग्रामिण सामुदायिक विद्युतीकरण कार्यक्रमसँग अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ७:

यस भगवतीमाई गाउँपालिकामा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमभित्र लघु तथा साना जल विद्युत आयोजनाबाट विद्युत उत्पादनको लागि रु. ४०००००।- र बायोग्यास जडानको लागि रु. ४२६०००।- प्राप्त भएकोमा सो बापतको कुल रकम रु. ८२६००० रकम नै यस गाउँपालिकाको वडा नं. ५ र ६ मा बायो ग्यास जडान गरी कार्यालयन गर्न यस गाउँपालिकाको वडा नं. ५ र ६ मा बायो ग्यास जडान गरी कार्यालयन गर्न

यस गाउँपालिकाको ... केपी व्यवसायिक सेवा प्रा.लि. विरेन्द्रनगर, सुर्खेतसँग सम्झौता गरी कार्यक्रम लागु गरिने निर्णय गरियो।